ढकारी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
ढकारी, अछाम
सुदुरपश्चिम प्रदेश नेपाल

प.स.: २०८०/०८१
चलानी नं: १४८२

मितिः २०८१/०१/२४

श्री वडा समितिहरु सवै ।
श्री विषयगत शाखाहरु सवै ।

**विषयः आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन सम्बन्धमा ।**

उपरोक्त विषयका सम्बन्धमा आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८१/०१/२४ गतेको निर्णयानुसार ढकारी गाउँपालिकाको आ.व. २०८१/८२ को बजेट तर्जुमाको क्षेत्रगत प्राथमिकीकरण, क्षेत्रगत सीमा, बिषयगत शाखा र वडा समितिहरुको बजेट सीमा र बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन यसैसाथ संलग्न राखी पठाइएको छ ।

आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम तर्जुमाका लागि २०८१/०१/३१ गते भित्र योजना तर्जुमाको सातै चरण पूरा गरी गाउँ/टोल र बस्तीस्तरको माग र आवश्यकतालाई कार्यक्रम तर्जुमा मार्गदर्शन बमोजिम आयोजना तथा कार्यक्रम छनौट गरी सम्बन्धित विषयगत समिति मार्फत बजेट तथा कार्यक्रम तर्जुमा समिति समक्ष २०८१ जेठ १० गते भित्र पेश गर्नुहुन अनुरोध छ । सहभागितामूलक योजना तर्जुमाको सबै चरण पूरा नगरेको, गाउँपालिकाको योजना तर्जुमा मार्गदर्शन विपरित भएको, मध्यमकालीन खर्च संरचना र कार्यान्वयन कार्ययोजना नभएको, संलग्न ढाँचामा नभरेको, आयोजना/कार्यक्रम बजेट तथा कार्यक्रम समितिमा समावेश नहुने भएकाले प्राथमिकीकरणमा परेका आयोजनाहरुको स्पष्ट फारम र क्रियाकलापगत अनुमानित लागत विवरणसहित आयोजना तथा कार्यक्रमहरु छनौट गरी पठाउनु हुन अनुरोध गर्दछु ।

..............०८१/१/२४
लक्ष्मण साह
नि. प्रमुख प्रशासकीय अधिकृत

लक्ष्मण साह
नि. प्रमुख प्रशासकीय अधिकृत

Email: ito.dhakarimun@gmail.com, website: www.dhakarimun.gov.np

Scanned with CamScanner

ढकारी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
ढकारी, अछाम
सुदुरपश्चिम प्रदेश नेपाल

प.स.: २०८०/०८१
चलानी नं: १४८२

**ढकारी गाउँपालिकाको आगामी आ.व २०८१/८२ को लागी पुँजिगत बजेट तर्फ क्षेत्रगत सीमा तथा प्राथमिकता:**

| बिषयगत क्षेत्र | प्राथमिकता | प्रतिशत | रकम रु हजारमा |
|---|---|---|---|
| आर्थिक विकास | ३ | ५ | २५६८ |
| सामाजिक | २ | ३५ | १७९७६ |
| पूर्वाधार | १ | ५४ | २७७३५ |
| वन वातावरण र विपद् व्यवस्थापन | ४ | ४ | २०५४ |
| सुशासन सेवा प्रवाह | ५ | २ | १०२७ |
| जम्मा | | १०० | ५१३६१ |

०८१/१/०४
लक्ष्मण साउद
प्रमुख प्रशासकीय अधिकृत

Email: ito.dhakarimun@gmail.com, website: www.dhakarimun.gov.np

Scanned with CamScanner

ढकारी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

ढकारी, अछाम
सुदुरपश्चिम प्रदेश नेपाल

प.स.: २०८०/०८१
चलानी नं: १४८३

## ढकारी गाउँपालिकाको आगामी आ.व २०८१/८२ को लागी सुत्रमा आधारित वडागत बजेट सीमा

| वडा | जनसंख्या | | | क्षेत्रफल | | | पूर्वाधार विकासको अवस्था | | राजश्व परिचालनको अवस्था | | | लागत सहभागीता | | कुल जम्मा (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा जनसंख्या | ओगटने प्रतिसत | प्राप्त हुने रकम | जम्मा क्षेत्रफल | ओगटने प्रतिसत | प्राप्त हुने रकम | कुल भार प्रतिसत | प्राप्त हुने रकम | वडा उठाएको जम्मा राजश्व | ओगटने प्रतिसत | प्राप्त हुने रकम | कुल भार प्रतिसत | प्राप्त हुने रकम | |
| १ | 5114 | 22 | 673 | 28.37 | 12 | 373 | 12.5 | 625 | 229.50 | 16 | 795 | 12.50 | 500 | 2967 |
| २ | 2062 | 9 | 271 | 11.9 | 5 | 156 | 12.5 | 625 | 149.99 | 10 | 520 | 12.50 | 500 | 2072 |
| ३ | 3302 | 14 | 435 | 24.69 | 11 | 325 | 12.5 | 625 | 197.60 | 14 | 685 | 12.50 | 500 | 2569 |
| ४ | 2282 | 10 | 300 | 51.7 | 23 | 680 | 12.5 | 625 | 174.40 | 12 | 604 | 12.50 | 500 | 2710 |
| ५ | 1988 | 9 | 262 | 35.2 | 15 | 463 | 12.5 | 625 | 129.60 | 9 | 449 | 12.50 | 500 | 2299 |
| ६ | 3279 | 14 | 431 | 33.9 | 15 | 447 | 12.5 | 625 | 291.70 | 20 | 1011 | 12.50 | 500 | 3014 |
| ७ | 2733 | 12 | 360 | 26.4 | 12 | 348 | 12.5 | 625 | 171.30 | 12 | 594 | 12.50 | 500 | 2426 |
| ८ | 2038 | 9 | 268 | 15.8 | 7 | 208 | 12.5 | 625 | 98.50 | 7 | 341 | 12.50 | 500 | 1943 |
| जम्मा | २२७९८ | १०० | ३००० | २२८ | १०० | ३००० | १०० | ५००० | १४४३ | १०० | ५००० | १०० | ४००० | २०००० |

०८१/०१/२८
... साह
प्रमुख प्रशासकीय अधिकृत

Email: ito.dhakarimun@gmail.com, website: www.dhakarimun.gov.np

ढकारी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

ढकारी, अछाम
सुदुरपश्चिम प्रदेश नेपाल

प.स.: २०८०/०८१
चलानी नं: १४८३

**आ.व २०८१/८२ को शाखा/वडागत बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका मार्गदर्शनहरु:**

नेपालको संविधानमा भएका व्यवस्थाहरु कार्यान्वयनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ तथा परिच्छेद ९ मा भएको व्यवस्था तथा स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, ढकारी गाउँपालिकाको योजना तर्जुमा दिग्दर्शन, बमोजिम गाउँपालिकाको वडा स्तर, समुदाय, बस्ती तथा गाउँस्तरमा सहभागितामूलक योजना तर्जुमाका लागि योजना तर्जुमाका सबै चरणमा सबैस्तरबाट अर्थपूर्ण सहभागिता र निर्णय प्रक्रिया सुनिश्चित गर्न साविकको प्रस्तावित योजनाहरुलाई समेत अध्ययन विश्लेषण गरी गाउँपालिकाको भौगोलिक अवस्था, स्थानीय आवश्यकता र विभिन्न क्षेत्रगत योजना आदि समेतलाई दृष्टिगत गरी श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकबाट देहाय अनुसार आ.व. २०८१/०८२ को मार्गदर्शन तयार गरि पठाइएको छ।

देहायको मार्गदर्शनलाई पूर्ण पालना गरी आ.व. २०८१।०८२ को सहभागितात्मक ढङ्गले योजना तर्जुमाका सबै चरण र प्रक्रियाहरु पूरा गरी पालिकाका शाखाहरु बाट चालु र वडा स्तरबाट पूँजीगत प्रकृतिका आयोजना/कार्यक्रम तर्जुमा गर्न सिफारिश गरी पठाउनु हुन अनुरोध छ ।

| क.सं | शीर्षक | आधार |
|---|---|---|
| १ | वडा स्तरबाट छनौट तथा कार्यान्वयन हुने | जनसंख्या, भूगोल वस्ती क्षेत्र, राजश्व संकलन, मानव विकास, पुर्वाधार विकासको अवस्थाको आधारमा प्राप्त अंकमा आधारित विनियोजन गरिने । |
| २ | पालिका स्तरबाट छनौट तथा कार्यान्वयन हुने | प्रशासनिक दायित्व, गौरवका आयोजनाहरु, विषयगत शाखाहरुले सम्पादन गर्नुपर्ने आयोजना तथा कार्यक्रमहरु,वस्ती तथा वडाहरुबाट सम्बोधन हुन नसक्ने आयोजना तथा कार्यक्रमहरुलाई मध्यनजर गरि आवश्यकता र औचित्यको आधारमा विनियोजन गरिने । |

क. **समस्टिगत मार्गदर्शन:**

१. दिगो विकासका लक्ष्यहरु (SDGs) का सम्बिन्धित लक्ष्यहरु हासिल गर्न सहयोग पुग्ने किसिमका कार्यक्रमलाई प्राथमिकता दिने ।

लक्ष्मण साह
प्रमुख प्रशासकीय अधिकृत

Email: ito.dhakarimun@gmail.com, website: www.dhakarimun.gov.np

Scanned with CamScanner

प.स.: २०८०/०८१
चलानी नं: १४८३

२. वार्षिक विकास तथा बजेट तर्जुमा प्राथमिकिकरण सिफारिस गर्दा निम्नानुसारको विषयक्षेत्रगत रुपमा छुट्याउने। योजना सिफारिश गर्दा बजेट सीमा भन्दा बढी भएता पनि आवश्यक योजनाहरुलाई प्राथमिकता दिएर पठाउनुपर्नेछ ।

३. वार्षिक विकास तथा बजेट तर्जुमा प्राथमिकिकरण सिफारिस गर्दा निम्नानुसारको विषयक्षेत्रगत रुपमा छुट्याउने। योजना सिफारिश गर्दा बजेट सीमा भन्दा बढी भएता पनि आवश्यक योजनाहरुलाई प्राथमिकता दिएर पठाउनुपर्नेछ ।

क) **आर्थिक विकास** (कृषि, उद्योग, पर्यटन, सहकारी, वित्तिय क्षेत्र)

ख) **सामाजिक विकास** (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति प्रवर्द्धन, खेलकूद तथा मनोरञ्जन, लैंगिक समानता तथा समाजिक समावेशीकरण)

ग) **पुर्वाधार विकास** (सडक, पुल तथा झोलुङ्गे पुल, सिंचाई, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार)

घ) **वातावरण तथा विपद् व्यवस्थापन,** (वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला तथा ढल व्यवस्थापन, प्रकोप नियन्त्रण, विपद व्यवस्थापन)

ङ) **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** (सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन)

च) गाउँपालिका र विषयगत शाखा/कार्यालयका सम्पूर्ण कार्यक्रमहरुलाई समेटी अनिवार्य रुपमा मागमा आधारित योजना निर्माणको लागि स्थानीय तहको ७ चरणको योजना तर्जुमाको प्रक्रियाबाट माग भै आएका योजनाहरुलाई वार्षिक कार्यक्रममा समावेश गरिने भएकाले योजना तथा कार्यक्रम छनौट गर्दा वस्तुगत र मागमा आधारित आयोजना तथा कार्यक्रम छनौटको सुनिश्चितता गर्ने ।

४. नेपाल पक्ष भएका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र आदिवासी/जनजातिसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा उल्लेख भएका विषयमा राष्ट्रिय दायित्व पूरा गर्न सहयोग पुग्ने खालका कार्यक्रमलाई प्राथमिकता साथ समावेश गर्ने ।

५. जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, सेन्दाई विपद् जोखिम न्युनिकरण संरचना र विपद् पछिको आवश्यकता आँकलन संरचना, अपांगमैत्री एवं बालमैत्री स्थानीय शासन, पोषण सुधार, लैङ्गिक उत्तरदायी बजेट विनियोजनजस्ता बहुपक्षीय जिम्मेवारीका विषयलाई स्थानीय तहको अगुवाईमा तत् सम्बन्धी प्राथमिकताहरु प्रतिविम्बित हुने गरी वार्षिक कार्यक्रमका क्रियाकलापमा समावेश गर्ने ।



लक्ष्मण साह
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

ढकारी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
ढकारी, अछाम
सुदुरपश्चिम प्रदेश नेपाल

प.स.: २०८०/०८१
चलानी नं: १४८२

६. विकाससँग सम्बन्धित आयोजना छनौटदेखि अनुगमन / मूल्याङ्कन गर्नेसम्मका सबै चरणमा अनिवार्य रुपमा महिला, दलित, अपांगता भएका व्यक्ति एवं विपन्न वर्ग समेतका सेवाग्राही एवं लक्षित परिवारको सहभागिताको सुनिश्चितता कायम गरी तिनीहरुलाई प्रत्यक्ष लाभ पुग्ने गरी बातावरणमैत्री, सीपमूलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।

७. विपद् जोखिम न्यूनिकरण सम्बन्धमा स्थानीयस्तरको बहुप्रकोप जोखिम लेखाजोखा, विपद् पूर्वतयारी, विपद् न्यूनिकरण/अल्पीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ पुनर्निर्माण सम्बन्धी कार्यहरु पहिचान, बहु प्रकोप जोखिम संवेदनशील योजना तथा विपद/जलवायु जोखिम व्यवस्थापन योजना र यस्ता योजनाहरुले निर्दिष्ट गरेका प्राथमिकताहरु विकास कार्यक्रममा मूलप्रवाहीकरण गर्ने ।

**ख) आयोजनाको तर्जुमा छनौट सम्बन्धमा**

८. साविकमा स्थानीय स्तरमा वार्षिक बजेट तथा कार्यक्रम तय गर्दा महिला, बालबालिका, आदिवासी जनजाती तया पिछडिएका वर्ग क्षेत्र र दलित र अल्पसंख्यकमा लक्षित कार्यक्रमहरु संचालन गर्ने गरिएकोमा आगामी दिनमा समेत त्यस्ता लक्षित क्षेत्रलाई समेत निरन्तरता दिने ।

९. आयोजना छनौट गर्दा उत्पादनशील, रोजगारी वृद्धि, गरिबी न्यूनिकरण, वातावरण संरक्षण, विपद् तथा जलवायु जोखिम न्यूनिकरण, समावेशी विकास जस्ता क्षेवमा सहयोग पुर्‍याउने छोटो समयमा सम्पन्न भई बढी प्रतिफल दिने, कम लगानीबाट बढी जनसंख्यालाई लाभ पुर्‍याउने तथा जनसहभागिता जुटाउन सकिने किसिमका आयोजनालाई प्राथमिकता दिने ।

१०. आयोजना छनौट तथा बजेट विनियोजन गर्दा भूगोल (क्षेत्रफल), गरिबी (मानव विकास सूचकाङ्क), जनसंख्या, र सेवा प्रवाह लागत, आधार मानी सन्तुलन कायम हुने गरी गर्ने ।

११. आफ्नै भौरिक संरचना नभएका वडाहरुको भौतिक तथा अन्य पूर्वाधार विकास र व्यवस्थापनलाई प्राथमिकता दिने ।

१२. भवन निर्माण सम्बन्धी कार्यक्रम बनाउँदा जग्गाको उपलब्धता नभई बजेट नछुट्याउने ।

१३. सम्पन्न भइसकेका भौतिक संरचनाहरुको दिगोपनालाई ध्यान दिई निरन्तर सञ्चालन हुन सक्ने अवस्थामा राख्नको लागि आवश्यक मर्मत सम्भार बजेटको व्यवस्था गर्ने ।

१४. वस्ती तथा वडास्तरबाट बाट माग भै आउने आयोजना मध्ये वडा तह/स्तरमा सम्बोधन गर्न नसकिने आयोजना तथा कार्यक्रमहरुलाई पालिकास्तरमा समावेश गर्नुपर्ने वा प्रदेश तथा संघ

Email: ito.dhakarimun@gmail.com, website: www.dhakarimun.gov.np

लक्ष्मण साह
प्र. प्रमुख प्रशासकीय अधिकृत

प.स.: २०८०/०८१
चलानी नं: १४८२

स्तरमा माग गर्नुपर्ने भएमा सम्बन्धित वडा र विषयगत समिति मार्फत त्यस्ता मागहरुको व्यवस्थापन गर्ने ।

१५. आयोजना तर्जुमा गर्दा आफ्नो क्षेत्रको विकास निर्माण एवं सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत शाखा र गाउँपालिकाले अन्य सरकारी निकाय, अन्य स्थानीय तह, निजी क्षेत्र र नागरिक समाजसँग अन्तरक्रिया एवं समन्वय गरी सूचना एकीकृत गराई सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अपनाई अन्तिम रुप दिने ।

१६. पूर्वाधारतर्फ निर्माणाधीन अधुरा आयोजनालाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यक्रमलाई प्राथमिकता दिने ।

१७. विपद् जोखिम न्यूनिकरणसम्बन्धी आयोजना तथा कार्यक्रम छनौट गर्दा विपद व्यवस्थापन समितिसँग समन्वय गरी उक्त समितिले प्राथमिकिकरण गरेका कार्यक्रमहरुलाई समावेश गर्ने ।

१८. क्रमागत आयोजना/कार्यक्रमहरु भौतिक तथा वित्तीय प्रगतिको आधारमा छिटो सम्पन्न गरी प्रस्ताव गर्ने। लामो समयदेखि वार्षिक विकास कार्यक्रममा समावेश भएका तर सम्पन्न हुन नसकेका कार्यक्रम/आयोजनाहरुको औचित्य हेरी आवश्यक देखिएमा मात्र कार्यक्रममा समावेश गर्ने ।

**ग. आयोजनाको कार्यान्वयन सम्बन्धमा:**

१९. विनियोजित स्रोतलाई न्यायोचित रुपमा जनता समक्ष पुयाउन सरकारी तथा गैर सरकारी निकायबाट लगानी हुने कार्यकम/आयोजनालाई स्रोतको कमी हुन नदिने र विभिन्न विकास प्रदायक निकायहरुबाट हुने विकास कार्यलाई दोहोरिन नदिने व्यवस्था गरी स्रोतको व्यवस्थापन गर्ने ।

२०. कार्यक्रम/आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन ढकारी गाउँपालिकाको कार्यालयले संलग्न वार्षिक कार्यक्रम कार्यान्वयन कार्यतालिका र विषयगत शाखा तथा वडा कार्यालयहरुले सोही कार्यतालिका र कार्यान्वयन कार्ययोजना बमोजिम क्रियाकलापगत कार्यान्वयन कार्ययोजना बनाई लागू गर्ने र आयोजनाका प्रत्येक चरणमा अत्याधिक मात्रामा जनसहभागिता जुटाउनेतर्फ जोड दिने ।

२१. कार्यक्रम/आयोजनाको सञ्चालनमा सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजना स्थल, उपभोक्ताको क्षमता र स्थानीय तहले अवलम्बन गरेको नीतिको अधीनमा रही नगद, श्रम वा स्थानीय समाग्री समेतको योगदानको अनुपात निर्धारण गर्ने ।यसरी सहभागिताको



लक्ष्मण साह
प्रमुख प्रशासकीय अधिकृत
०८१।१।२८

Scanned with CamScanner

प.स.: २०८०/०८१
चलानी नं: १४८३

अंश निर्धारण गर्दा अति विपन्न परिवार तथा समुदायलाई विशेष सहुलियत दिने उद्देश्य राखी लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई बञ्चित नगरिने नीति अवलम्बन गर्ने ।

२२.स्थानीय स्तरबाटै सञ्चालन हुने पूर्वाधार विकास (सडक, खानेपानी, विद्युत, प्रकोप नियन्त्रण आदि) का कार्यक्रमहरु कार्यक्रम/आयोजना कार्यान्वयन गर्नुपूर्व अनिवार्य रुपमा सम्भाव्यता अध्ययन गरेको हुनुपर्ने र यस्ता कार्यक्रम/आयोजना सञ्चालन गर्दा श्रममूलक तथा वातावरणमैत्री प्रविधि अपनाउने तर श्रम जुट्न नसक्ने आयोजनामा मेसिनरी वा यन्त्रको प्रयोग गर्नु पर्दा लागत अनुमान पनि सोही अनुसारको बनाई काम गराउने ।

## घ. अनुगमन मूल्याङ्कन सम्बन्धमा

२३.गाउँपालिकाको एकीकृत योजना तर्जुमा गर्दा प्रभाव, असर तथा प्रतिफल तहका नतिजालाई समेत स्पष्ट रुपमा परिभाषित गरी नतिजा खाका तयार गर्ने ।

२४. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी खाका तयार गरी कार्यान्वयनका प्रत्येक चरणमा उक्त खाकालाई अनुसरण गरी कार्यान्वयनलाई सफल बनाउने गरी कार्यक्रम तर्जुमा गर्ने र सोही बमोजिम अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन गरी प्रतिवेदनमाथि छलफल तथा निरन्तर सुधार र निरन्तरतालाई जोड दिने व्यवस्था मिलाउने ।

## ङ. अन्तरसम्बन्धित विषयहरु (Cross cutting Issues)

२५.रोजगारी सिर्जना, गरिबी न्यूनिकरण, विपद् तथा जलवायुजन्य जोखिम न्युनिकरण, विपद् व्यवस्थापन, सुशासन, जनताको नजिकमा सेवा सुविधा, दिगो, गुणस्तरीय र वातावरणमैत्री स्थानीय पूर्वाधारको विकास र स्थानीय शासन, आर्थिक अवसरमा वृद्धि एवम् त्यसमा जनताको सहज पहुँच, सामाजिक सुरक्षा, अपाङ्गमैत्री वा बालमैत्री स्थानीय शासन, पोषण सुधार, लैङ्गिक उत्तरदायी बजेट विनियोजन, समावेशीकरण र सशक्तिकरण विषयलाई उच्च प्राथमिकतामा राखी वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।

२६.सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सुविधा उपलब्ध गराउने लक्षित समूहको लगत अद्यावधिक गरी राखे। यस्तो रकमको भुक्तानी बैङ्किक प्रणालीमार्फत घर-घर मै उपलब्ध गर्ने व्यवस्थाका लागि आवश्यक तयारी गर्ने ।

२७.पालिकाबाट सञ्चालन हुने विकास कार्यक्रममा विभिन्न किसिमका विपद् बाट हुनसक्ने क्षति कम गर्ने उपाय अवलम्वन गरी नयाँ विकास निर्माणले जोखिम थप हुने अवस्था सिर्जना गर्न नहुने ।

Email: ito.dhakarimun@gmail.com, website: www.dhakarimun.gov.np

... साह
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प.स.: २०८०/०८१
चलानी नं: १४८२

२८. विपद् तथा जलवायुजन्य जोखिम न्यूनिकरण एवं वातावरण संरक्षणका लागि निश्चित रकम विनियोजन गर्ने व्यवस्था मिलाई यस सम्बन्धी कार्यक्रमहरु समावेश गरेर विपद तथा जलवायुजन्य जोखिम न्यूनिकरण एवं वातावरण संरक्षणका लागि तपसिल बमोजिमका क्रियाकलापहरुलाई समेत आधार मानेर गाउँपालिका, वडाको कार्यक्रम तथा योजनामा समावेश गर्ने व्यवस्था मिलाउने ।

ढकारी गाउँपालिका र सबै वडाहरुको अगुवाई र सक्रियाताका साथै सरोकारवाला संघसंस्था लगायत सबै निकायको साझेदारी, सहयोग आवश्यकता र स्थानीयको माग बमोजिम छनौट गरी समन्वयमा संचालन गर्ने गरी निम्न सामाजिक अभियानमुखी कार्यक्रमहरुलाई समेत प्राथमिकतामा राखे ।

१. पूर्ण सरसफाईउन्मुख वडा/गाउँपालिका अभियान
२. हरित वडा/गाउँपालिका अभियान
३. हरेक टोल पृथक विशेषता र पहिचान अभियान
४. मेरो गाउँमा मेरो योगदान अभियान
५. बालमैत्री स्थानीय शासनयुक्त वडा/गाउँपालिका अभियान
६. बालबिबाह र लैंगिक हिंसा मुक्त वडा/गाउँपालिका अभियान
७. जातीय तथा सबै प्रकारका विभेदमुक्त वडा/पालिका अभियान
८. वातावरणमैत्री स्थानीय शासन अभियान
९. सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि अभियान
१०. पूर्ण खोपयुक्त गाउँपालिका दिगोपना अभियान
११. दक्ष प्रसुतीकर्मीबाट स्वास्थ्य संस्थामा सुत्केरी गराउने पूर्ण संस्थागत सुत्केरी अभियान
१२. "अर्गानिक उत्पादनः ढकारीको पहिचान"
१३. "एक गाउँ एक उत्पादन"
१४. आर्थिक र मानवीय विकास सवलीकरणमा जोड

**आगामी आर्थिक वर्ष २०८१/०८२ को योजनाका लागि योजना तथा कार्यक्रम तर्जुमा एवंम् छनौटका आधारहरु**

१. वडाको प्राथमिकताको आधारमा गरिवी न्यूनिकरण गर्न सकिने योजना तथा कार्यक्रममा प्राथमिकता दिने ।

२. कम लगानीबाट बढी जनताहरुलाई प्रत्यक्ष फाईदा पुग्ने योजना तथा कार्यक्रमहरु ।



०८१।१।२४
लक्ष्मण साह
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प.स.: २०८०/०८१
चलानी नं: १४८३

३. बढी भन्दा बढी जनताहरुलाई प्रत्यक्ष फाईदा पुग्ने ।
४. छोटो समयमा बढी प्रतिफल दिने ।
५. महिला, दलित आदिवासी जनजाती, पिछडिएको वर्ग तथा क्षेत्रलाई फाईदा पुग्ने खालका आयोजनाहरु छनौट गर्ने ।
६. विपद जोखिम न्यूनिकरण गर्न सघाउ पुग्ने क्रियाकलापहरुलाई प्राथमिकता दिनु पर्ने ।
७. आवधिक योजना, जिल्ला विपद व्यवस्थापन योजना, विषयगत गुरुयोजना र क्षेत्रगत योजना र रणनीति योजनासँग मेल खानेगरी कार्यकम तर्जुमा गर्ने संयुक्त राष्ट्रसंघले पारित गरेका दिगो विकासका लक्ष्यहरुको अवधारणा बमोजिमका योजनामा उच्च प्राथमिकता दिई संचालन गर्नुपर्ने आयोजना र कार्यक्रमहरु ।
८. स्थानीय स्रोत साधन तथा सिपबाट संचालन हुने खालको योजनामा जोड दिनुपर्ने ।
९. उत्पादनमुलक, आयमुलक, सिपमुलक, स्वरोजगारमूलक, स्थानीय तहको आन्तरीक आय वृद्धि गर्ने खालका योजनाहरुलाई प्राथमिकतामा राख्ने ।
१०. वातावरण संरक्षण तथा सहरी पूर्वाधारको सुविधा प्रवर्द्धन र सम्वर्धन गर्न सघाउ पुग्ने योजनाहरुलाई प्राथमिकता दिने ।
११. बालमैत्री स्थानीय तह घोषणाका लागि सूचकहरु पुरा गर्ने किसिमका योजना तथा कार्यक्रम ।
१२. योजना छनौट गर्दा आवधिक योजना, गाउँपालिकाको पार्शवचित्र, स्थानीय जनताहरुवाट माग भै आएका तथा अन्य तथ्याङ्कहरुको आधारमा योजना छनौट गर्नु पर्ने ।

**वडाबाट बजेट विनियोजन गर्दा ध्यान दिनुपर्ने कुराः**

१. वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न बस्ती / टोलको योजना तर्जुमा गर्न- सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्ने ।
२. प्रत्येक वडाले वडाभित्रका वस्ती / टोलहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचनामार्फत जानकारी गराउनु पर्ने ।
३. वडाअन्तर्गत रहेका वस्ती/टोलहरु भेलामार्फत बस्ती/टोलस्तरका आयोजना तथा कार्यक्रम छनौट गर्ने र वस्ती तथा टोलस्तरमा आयोजना छनौट गर्दा समुदायको आवश्यकता पहिचान गरी आयोजना/कार्यक्रम छनौट गर्ने ।
४. वस्ती/टोल स्तरका योजना छनौट गर्दा सो बस्तीभित्रका सबै बर्ग समुदाय (महिला, दलित, आदिवासी जनजाति, उत्पीडित बर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, बालवालिका, जेष्ठ



०८१/१/२८

Scanned with CamScanner

प.स.: २०८०/०८१
चलानी नं: १४८२

नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको बर्ग आदि) लगायत सबै समुदायको अर्थपुर्ण सहभागिताको सुनिश्चित गर्नुपर्ने ।

५. वस्ती/टोलभित्रका क्रियाशिल सामुदायिक सस्थाहरु (टोल विकास सस्था, महिला/आमा समुह, वाल क्लब/सञ्जाल, युवा क्लब, स्थानीय गैरसरकारी संस्थाहरु, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूहजस्ता समूहहरु) लाई पनि सहभागी गराउनुपर्ने ।

६. माथि उल्लेख भए बमोजिमका सरोकारवालहरुको अधिकारिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै आयोजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी आयोजनाहरुको छनौट गर्ने। यसरी वस्तीस्तरमा छनौट भएका आयोजना/कार्यक्रमहरुको सूची संयोजकले लिखित रुपमा तयार गरी वडा समितिमा पेश गर्ने ।

७. समितिमा पेश भएका आयोजना तथा कार्यक्रमहरुको सूचीलाई आयोजनाको प्राथमिकताक्रम निर्धारण फारम मा भरी हरेक आयोजनालाई पूर्णाङ्ग १०० मानी निर्देशिकाले तोके बमोजिम अंक प्रदान गर्ने । यसरी अंक दिंदा ८० भन्दा बढी आउनेलाई प्राथमिकता नं १, ६० देखि ८० अंक सम्मका लागि प्राथमिकता नं २, ५० देखि ६० अङ्क प्राप्त गर्ने आयोजनालाई प्राथमिकताक्रम नं ३ र ५० भन्दा कम प्राप्त भएमा न्यून प्राथमिकतामा राखे।

८. बजेट सिलिङभित्र आयोजना छनौट गर्दा प्राथमिकताक्रम १ लाई पहिलो प्राथमिकतामा राखे र बजेट पुगेमा २ र ३ लाई पनि समावेश गर्न सकिन्छ ।

९. वस्ती टोलबाट योजना माग गर्दा वडास्तरका महत्त्वपूर्ण योजनाहरु छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरु वडा समितिको बजेट सीमाभित्र रही औचित्यताको आधारमा समावेश गर्न सक्नेछ । वडाको बजेट सीमाभित्र कार्यान्वयन हुन नसक्ने गाउँस्तरीय महत्त्वपूर्ण आयोजनाहरु भएमा वडा समितिले गाउँपालिका छुट्टै सूची पठाउन सक्नेछ ।

१०. वडा समितिले आयोजनाहरुको प्राथमिकीकरण गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको आधारहरु र दिगो विकास लक्ष्य प्राप्त गर्ने कार्यक्रमलाइ विशेष ध्यान दिनुपर्ने हुन्छ । यसरी छनौट भएका योजनाहरुको प्राथमिकीकरणका साथ गाउँपालिकामा पठाउने ।

११. कूल बजेटलाई १०० प्रतिशत मानी ३० प्रतिशत सम्म लक्षित वर्गको लागि बजेट विनियोजन बिनियोजन गर्नुपर्नेछ । आवश्यकता अनुसार लक्षित वर्गलाइ ३० प्रतिशत भन्दा बढी बजेट बिनियोजन गर्न सकिने ।

१२. लक्षित वर्गतर्फको लागि बजेट विनियोजन गर्दा कूल लक्षित वर्गको बजेटको न्यूनतम् ६० प्रतिशत प्रत्यक्ष फाइदा पुग्ने खालको बजेट विनियोजन गर्नुपर्नेछ । बजेट तथा कार्यक्रम तर्जुमा



०८१।१।२८
लक्ष्मण साह
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प.स.: २०८०/०८१
चलानी नं: १५८३

समितिले वितरणमुखी आयोजना तथा कार्यक्रम र ६० प्रतिशत भन्दा कम प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम कटौती गर्न सक्नेछ ।

१३. लक्षित बजेट विनियोजन गर्दा लक्षिततर्फको कूल बजेट अर्थात ३० प्रतिशतलाई १०० प्रतिशत मानी देहाय बमोजिम विनियोजन गर्ने तर कुनै लक्षित वर्गको संख्या नभए वा आनुपातिक न्यून संख्यामा भएमा प्रतिशत हेरफेर गर्न सकिने ।

- महिला लक्षित (महिला समूह, आमा समूह लगायतका समूह समुदाय समेत) २५ प्रतिशत
- बालबालिका लक्षित कार्यक्रम २० प्रतिशत
- दलित लक्षित १५ प्रतिशत
- अपाङ्ग लक्षित १० प्रतिशत
- ज्येष्ठ नागरिक लक्षित १० प्रतिशत
- जनजाति लक्षित १० प्रतिशत
- यूवा वर्ग लाभान्वित (यूवा तथा रोजगारी) १० प्रतिशत

**लैंगिक उत्तरदायी तथा समावेशी क्रियाकलापहरुको वर्गीकरण विधिः**

१. ५० प्रतिशतभन्दा बढी लाभ पुग्ने क्रियाकलाप- **प्रत्यक्ष फाइदा पुग्ने**
२. २० प्रतिशत देखि ५० प्रतिशतसम्म लाभ पुग्ने क्रियाकलाप - **अप्रत्यक्ष फाइदा पुग्ने**
३. २० प्रतिशत भन्दा कम लाभ पुग्ने क्रियाकलाप - **तटस्थ** ।

उपरोक्तानुसारको प्रतिशत निकाल्दा देहायका सूचकहरुको आधारमा मूल्याङ्कन गरी वडाको योजनाहरुको वर्गीकरण गर्नुपर्नेछ।

| सूचक | अंक |
|---|---|
| योजना तर्जुमा र कार्यान्वयनमा सहभागिता | २० प्रतिशत |
| क्षमता अभिवृद्धि | २० प्रतिशत |
| लाभको बाँडफाँडमा लक्षित वर्गको हिस्सा | ३० प्रतिशत |
| रोजगार/आयअभिवृद्धिमा सहयोग | २० प्रतिशत |
| समयको प्रयोगमा गुणात्मक सुधार र कार्य बोझको कमी | १० प्रतिशत |



०८१।१।२८
लक्ष्मण साह
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

ढकारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
ढकारी, अछाम
सुदुरपश्चिम प्रदेश नेपाल

प.स.: २०८०/०८१
चलानी नं: १४८३

## योजना तर्जुमा गर्दा भर्नुपर्ने फारामहरु:

### आयोजना प्राथमिकीकरणका आधारहरु तथा प्राथमिकता निर्धारण फाराम

(क) आयोजना प्राथमिकीकरणका आधारहरु

१.गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु (२० अंक)

(क) प्रत्यक्ष योगदान पुऱ्याउने–२० अंक
(ख) अप्रत्यक्ष योगदान पुऱ्याउने –१० अंक
(ग) तटस्थ–५ अंक

२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु (१५ अंक)

(क) चालु आ.व.मानै सम्पन्न हुने–१५ अंक
(ख) आगामी आ.व. मा सम्पन्न हुने–१० अंक
(ग) अन्य–५ अंक

३. आम्दानी र रोजगार बृद्धि गर्ने आयोजनाहरु (१५ अंक)

(क) प्रत्यक्ष योगदान पुऱ्याउने–१५ अंक
(ख) अप्रत्यक्ष योगदान पुऱ्याउने–७.५ अंक
(ग) तटस्थ–०

४.लागत सहभागिता जुट्ने आयोजनाहरु (१५ अंक)

(क) ५०% वा सो भन्दा बढी लागत सहभागिता हुने–१५
(ख) २०% देखि ५०% सम्म लागत सहभागिता हुने–१०
(ग) २०% सम्म लागत सहभागिता हुने–५ अंक
(घ) लागत सहभागिता नहुने–०

५. स्थानीय श्रोत साधन र सीपको प्रयोग हुने आयोजनाहरु (१० अंक)

(क) आयोजनालाई आवश्यक पर्ने सबै श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने–१० अंक
(ख) आयोजनालाई आवश्यक पर्ने ५०% सम्म श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने–७.५ अंक
(ग) अन्य–५ अंक

६. समावेशी विकासमा योगदान पुऱ्याउने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुऱ्याउने–१० अंक
(ख) अप्रत्यक्ष योगदान पुऱ्याउने–५ अंक
(ग) तटस्थ–०

७. दीगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुऱ्याउने–१० अंक
(ख) अप्रत्यक्ष योगदान पुऱ्याउने–५ अंक
(ग) तटस्थ–०

८. स्थानीय भाषिक, सांस्कृतिक विकास गर्ने आयोजनाहरु (५ अंक)

(क) प्रत्यक्ष योगदान पुऱ्याउने–५ अंक
(ख) अप्रत्यक्ष योगदान पुऱ्याउने–३ अंक
(ग) तटस्थ–०

Email: ito.dhakarimun@gmail.com, website: www.dhakarimun.gov.np

०९।११।२४
लक्ष्मण साह
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

ढकारी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
ढकारी, अछाम
सुदुरपश्चिम प्रदेश नेपाल

प.स.: २०८०/०८१
चलानी नं: १४८३

## आयोजनाको प्राथमिकताक्रम निर्धारण फाराम

| क्र.स. | आयोजनाको नाम | १. गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने (२० अंक) | २. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने (१५ अंक) | ३. आम्दानी र रोजगार बढ्ने (१५अंक) | ४.लागत सहभागिता जुट्ने (१५ अंक) | ५. स्थानीय श्रोत साधन र सीपको प्रयोग (१०अंक) | ६. समावेशी विकासमा योगदान (१० अंक) | ७. दीगो विकास र वातावरणीय संरक्षण (१० अंक) | ८. स्थानीय भाषिक, सांस्कृतिक विकास (५ अंक) | कुल प्राप्ताङ्क (१००) | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |

नोटः आयोजनाहरुको प्राथमिकताक्रम निर्धारण गर्दा सबैभन्दा बढी अंक प्राप्त गर्ने आयोजनालाई पहिलो प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ।

| क्र.स.. | अंक भार | प्राथमिकता नं. |
|---|---|---|
| १ | ८० अंक भन्दा बढी प्राप्त भएमा | १ |
| २ | ६० देखि ८० अंक प्राप्त भएमा | २ |
| ३ | ६० अंक भन्दा कम प्राप्त भएमा | ३ |
| ४ | ५० अंक भन्दा कम प्राप्त भएमा | न्यून प्राथमिकता |

नोटः यसरी योजना छनौट गर्दा पहिलो प्राथमिकतामा परेको योजनाहरु छनौट गर्ने। रकम उपलब्ध भएसम्म प्राथमिकता २ र ३ स्वीकृत गर्न सक्नेछ।

लक्ष्मण साह
नि. प्रमुख प्रशासकीय अधिकृत

Email: ito.dhakarimun@gmail.com, website: www.dhakarimun.gov.np

Scanned with CamScanner

ढकारी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

ढकारी, अछाम
सुदुरपश्चिम प्रदेश नेपाल

प.स.: २०८०/०८१
चलानी नं: १४८२

## आयोजनाको प्राथमिकीकरण सूची

(1) निर्धारित बजेट सीमाभित्रका आयोजना तथा कार्यक्रमका लागि

| प्राथमिकता क्रम | आयोजना/ कार्यक्रमको नाम | स्थान | एकाइ | दर | परिमाण (संख्यामा) | अनुमानित लागत | कार्यान्वयन विधि | ल.इ तयारी र स्वीकृति मिति | कार्य शुरु मिति | सम्पन्न गर्ने मिति | चौमासिक अवधि (1/ 2/ 3) | लाभान्वित जनसंख्या | | थप २ वर्षको प्रक्षेपण | | आवधिक योजनाको रणनीतिसँग सम्बन्ध |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | म | पु | ०८०/८१ | ०८१/८२ | |
| आर्थिक विकास | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| वन वातावरण तथा विपद् व्यवस्थाप | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| सुशासन तथा संस्थागत विकास | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |

०८१।१।२४
लक्ष्मण शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

Email: ito.dhakarimun@gmail.com, website: www.dhakarimun.gov.np

Scanned with CamScanner